**ईश्वरपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**ईश्वरपुर, सर्लाही**
**मधेस प्रदेश, नेपाल**

# शिलवन्दी दरभाउ पत्र आव्हानको सूचना

**(दोश्रो पटक प्रकाशित मिति : २०७८/१०/१२)**

यस कार्यालयलाई आवश्यक पर्ने तपशिलका खरिद कार्यहरु शिलवन्दी दरभाउपत्रबाट गर्नु पर्ने भएकोले नेपाल सरकारबाट सम्बन्धित कार्यको लागि इजाजत प्राप्त, मूल्य अभिवृद्धि करमा दर्ता भएका, इच्छुक फर्म, कम्पनी वा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमारही शिलवन्दी वोलपत्र आव्हान गरिएको छ ।

१. यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माथिको कार्यको लागि इजाजत प्राप्त भइ नवीकरण भएको इच्छुक फर्म, कम्पनी सप्लायर्स वा निजको प्रतिनिधीले निवेदन साथ आयकर दर्ता प्रमाणपत्र आ व ०७७।०७८ सम्मको कर चुक्ता प्रमाणपत्र र मूल्य अभिवृद्धिकर प्रमाणपत्रको प्रतिलिपी साथै राखी शिलवन्दी दरभाउपत्र दस्तुर पछि फिर्ता नहुने गरी यस नगरपालिकाको राजस्व शाखामा दाखिला गरी स्पेसिफकेसन सहितको दरभाउपत्र फारम आर्थिक प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ ।

२. खरिद भएको दरभाउपत्रको हकमा दोश्रो पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराइ सक्नु पर्नेछ र सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा दर्ता हुन आएका दरभाउपत्रहरु खोलिनेछ ।

३. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु विदाको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४. जमानत बापतको रकम नगद जम्मा गर्दा यस कार्यालयको नाममा रहेको नेपाल बैक लिमिटेड ईश्वरपुरमा रहेको खाता नं. १०९०३००००३००००००००१ मा जम्मा गर्नु पर्नेछ ।

५. दरभाउपत्र स्वीकृत भएमा दरभाउपत्र दाताले कवोल अंकको नियमानुसार हुन आउने धरौटी वापतको रकमको वैक भौचर वा यस कार्यालयको नाउँमा जारी गरीएको कम्तिमा छ महिना म्याद भएको परफरमेन्स वोण्ड कार्य सम्पादन जमानत पेश गर्नु पर्नेछ ।

६. दरभाउपत्रमा आइटम वाइज अंक र अक्षरमा दररेट र जम्मा रकम स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिइनेछ ।

७. म्याद नाघि आएको रित नपुगेको वा शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

८. दरभाउपत्र दाताले आफ्नो दरभाउपत्रसाथ दरभाउपत्र सम्बन्धि कारवाहीमा निजी स्वार्थ नवाझिएको र सो सम्बन्धी कसुरमा कारवाही नरहेको स्वघोषणा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

९. दरभाउपत्र फारममा उल्लेख भएको सामानको परिमाणमा कार्यालयले आवश्यकता अनुसार थपघट गरी कार्यादेश दिन सक्नेछ ।

१० दरभाउपत्रवालाबाट पेश भएको दरभाउपत्रमा उल्लेखित आइटमहरु मध्ये पूर्ण वा आंशिक रुपमा कारण जनाइ वा नजनाइ स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानून वमोजिम हुनेछ ।

**कामको विवरण**

| दरभाउपत्र नं. | कामको विवरण | लागत अनुमान | बोलपत्र दस्तुर | जमानत वापतको रकम |
|---|---|---|---|---|
| Goods 02-2078/79 | आई. टि. सामग्री खरिद | १३,९४,४२० | १००० | ३५,००० |

**प्रमुख प्रशासकीय अधिकृत**